# बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३

**प्रस्तावना**: बीमक दर्ता सम्बन्धी कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन, विदेशी बीमकको दर्ता तथा सञ्चालनका बारेमा व्यवस्था गर्न र बीमा व्यवसाय सञ्चालनका सम्बन्धमा मापदण्ड निर्धारण गर्न आवश्यक भएकोले बीमा ऐन २०४९ को दफा ८ को खण्ड (घ२) बमोजिम अधिकार प्रयोग गरी बीमा समितिले यो बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ बनाई लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३" रहेको छ।

*(२) यो निर्देशिका समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापित बीमा समिति सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले बीमा ऐन, २०४९ सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले बीमा नियमावली, २०४९ सम्झनु पर्छ।

(घ) "प्रस्तावित बीमक" भन्नाले यो निर्देशिका बमोजिम बीमा ब्यवसाय गर्न ऐनको दफा १० बमोजिम बीमकको रुपमा दर्ताको लागि निवेदन दिएको सँस्था सम्झनु पर्दछ।

(ङ) "आधारभूत शेयरधनी" भन्नाले बीमकको चुक्ता पूँजीको एक प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले एकाघरको परिवारको सदस्यले अलग अलग रुपमा लिएको जम्मा शेयर चुक्ता पूँजीको एक प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व हुने भएमा त्यस्तो परिवारलाई समेत जनाउँछ।

(च) "एकाघरको परिवार" भन्नाले सम्बन्धित व्यक्तिको बाबु, आमा, पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री र आफैले पालन पोषण गर्नुपर्ने एकाघरमा बस्ने सौतेनी आमा, दाजु, भाइ, दिदी, बहिनी सम्झनु पर्छ।

(छ) "कार्यकारी प्रमुख" भन्नाले बीमकको व्यवस्थापनको मुख्य जिम्मेवारी भएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले बीमकको मुख्य प्रशासकीय



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत।

वा व्यावसायिक जिम्मेवारी भएको व्यवस्थापकीय तहको व्यक्तिलाई समेत जनाँउछ ।

(ज) "नजिकको नातेदार" भन्नाले एकाघरमा नरहेको सौतेनी आमा, दाजु, भाइ, दिदी, बहिनी र एकाघरमा बस्ने वा नबस्ने भाउजु, भाई बुहारी, भतिजा, भतिजी, सासु, ससुरा, भिनाजु, बहिनी ज्वाईं, साला, साला बुहारी, साली, जेठान, नन्द, आमाजु, जेठी सासु, साढु दाजु, काका, काकी, मामा, माइजु, छोरा, बुहारी, छोरी, छोरी ज्वाईं, नाती, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाईं, भाञ्जा, भाञ्जी बुहारी, भाञ्जी, भाञ्जी ज्वाईं, फुपु वा फुपाजु सम्झनु पर्छ ।

(झ) "व्यवस्थापकीय तह" भन्नाले कुनै संगठित संस्थाको क्रियाकलापमा निर्णय लिने अधिकारप्राप्त तह सम्झनु पर्छ र सो शव्दले अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी संगठित संस्थाको कुनै शाखा वा इकाईको प्रमुख वा व्यवस्थापक वा प्रबन्धक वा यस्तै पदनाम भएको तह समेतलाई जनाँउछ ।

(ञ) "वित्तीय स्वार्थ" भन्नाले कुनै सँस्थामा देहायको कुनै हैसियत रहेको अवस्था सम्झनु पर्छः-

(१) सँस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख,

(२) एक प्रतिशत वा सो भन्दा बढी शेयर लिएको शेयरधनी,

(३) उपखण्ड (१) वा (२) बमोजिमको व्यक्तिको एकाघर परिवारको व्यक्ति,

(४) सञ्चालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति,

(५) समितिले समय समयमा वित्तीय स्वार्थ रहेको मानिने भनी तोकेको अवस्था ।

(ट) "विदेशी बीमक" भन्नाले शाखा कार्यालय दर्ता गरी नेपालमा बीमा व्यवसाय गर्न दर्ता प्रमाणपत्र प्राप्त विदेशी बीमक संझनु पर्छ ।

(ठ) "सञ्चालक" भन्नाले बीमकको सञ्चालक समितिको सदस्य सम्झनु पर्छ ।

(ड) "सञ्चालक समिति" भन्नाले बीमकको सञ्चालक समिति सम्झनु पर्छ ।

## परिच्छेद २
## चुक्ता पूँजी सम्बन्धी व्यवस्था

३. बीमक पब्लिक लिमिटेड कम्पनी हुनुपर्नेः ऐन बमोजिम बीमकको रुपमा दर्ता हुन प्रचलित कानुन बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापना र दर्ता भएको हुनुपर्नेछ ।

४. बीमकको चुक्ता पूँजीः यो निर्देशिका लागू भएपछि ऐनको दफा १० बमोजिम बीमा व्यवसाय सञ्चान गर्न देहाय बमोजिमको चुक्ता पूँजी भएको हुनुपर्नेछः-

(क) जीवन बीमा व्यवसायको निमित्त दुई अर्ब रुपैयाँ ।



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

(ख) निर्जीवन बीमा व्यवसायको निमित्त एक अर्ब रुपैयाँ ।

५. चुक्ता पूँजीको बिभाजन: (१) बीमा व्यवसायको प्रमाणपत्र लिन चाहने प्रस्तावित बीमकले आफ्नो चुक्ता पूँजीको संरचना देहाय बमोजिम बिभाजन गरेको हुनुपर्नेछ:-

(क) सँस्थापक समूह कम्तीमा एकाउन्न (५१) प्रतिशत ।

(ख) सर्वसाधारणलाई बिक्रीको लागि खुल्ला गरिएको कम्तीमा तीस (३०) प्रतिशत ।

(२) प्रस्तावित बीमकले आफ्नो कर्मचारीको निमित्त उपदफा (१) को खण्ड (ख) बमोजिम छुट्याएको चुक्ता पूँजीको पाँच (५) प्रतिशतसम्म छुट्याउन सक्नेछ ।

(३) यस निर्देशिका बमोजिम सँस्थापकले बीमकमा लगानी गर्दा बैंक, वित्तीय क्षेत्र वा अन्य कुनै क्षेत्रबाट ऋण तथा सापटी प्राप्त गरेको रकम लगानी गर्न पाइने छैन ।

६. संयुक्त लगानीमा संस्थापना हुने बीमकको पूँजी सम्बन्धी व्यवस्था: (१) संयुक्त लगानीमा बीमा व्यवसाय गर्न चाहने विदेशी बीमकले चुक्ता पूँजीको बढीमा अस्सी (८०) प्रतिशतसम्म विदेशी लगानी गर्न सक्नेछ ।

(२) पचास प्रतिशत भन्दा कम विदेशी लगानी भएमा कूल चुक्ता पूँजीको तीस प्रतिशत सर्वसाधारणलाई छुट्याउनु पर्नेछ ।

तर कुनै विदेशी बीमकले प्रस्तावित बीमकको पचास प्रतिशत वा सो भन्दा बढी शेयर खरिद गर्ने भएमा कूल चुक्ता पूँजीको कम्तिमा पन्ध्र प्रतिशत सर्वसाधारणलाई छुट्याउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सर्बसाधारणलाई छुट्याएको तीस प्रतिशत र सोही उपदफाको प्रतिबन्धात्मक बाक्यांश बमोजिम छुट्याइएको पन्ध्र प्रतिशतको पाँच प्रतिशतसम्म बीमकका कर्मचारीको लागि छुट्याउन सक्नेछ ।

७. सञ्चालनमा रहेका बीमकको चुक्ता पूँजी सम्बन्धी व्यवस्था: (१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत बीमकको रुपमा दर्ता भई बीमा व्यवसाय सञ्चालन गरिरहेका बीमकहरुले २०७५ साल असार मसान्तभित्र दफा ४ बमोजिमको चुक्ता पूँजी कायम गर्नु पर्नेछ ।

(२) सञ्चालनमा रहेका बीमकले यो निर्देशिका लागू भएको तीन महिनाभित्र उपदफा (१) बमोजिम चुक्ता पूँजी कायम गर्ने कार्ययोजना समितिमा पेश गर्नु पर्नेछ ।

(३) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको कुनै बीमकले उपदफा (१) बमोजिमको म्यादभित्र उपदफा (२) बमोजिम पेश गरेको कार्ययोजना अनुसार चुक्ता पूँजी कायम गर्न नसक्ने भएमा सो को अवधि समाप्त हुनुभन्दा कम्तीमा सातदिन अगावै त्यसको कारण उल्लेख गरी म्याद थपको निमित्त समिति समक्ष निवेदन दिन सक्नेछ । समितिलाई कारण मनासिव लागेमा बढीमा तीन महिनासम्मको म्याद थपिदिन सक्नेछ ।

तर यस उपदफा बमोजिमको म्याद थप दुई पटकभन्दा बढी गरिने छैन ।



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

(४) उपदफा (१) बमोजिम चुक्ता पूँजी कायम गर्न नसक्ने बीमकलाई समितिले समय तोकी सोही व्यवसाय गर्ने अन्य बीमकसँग गाभिन आदेश दिन सक्नेछ ।

८. विदेशी बीमकको पूँजीसम्बन्धी व्यवस्थाः (१) बीमकको रुपमा दर्ता हुन चाहने विदेशी बीमकले दफा ४ बमोजिम तोकिएको न्युनतम चुक्ता पूँजी बराबरको निर्धारित पूँजी (Assinged Capital) कायम गर्नु पर्नेछ ।

(२) यो निर्देशिका प्रारम्भ हुँदाका बखत विदेशी बीमकको रुपमा दर्ता भई बीमा व्यवसाय सञ्चालन गरिरहेका विदेशी बीमकहरुले २०७५ साल असार मसान्तभित्र दफा ४ बमोजिम तोकिएको न्युनतम चुक्ता पूँजी बराबरको निर्धारित पूँजी (Assinged Capital) कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारित पूँजी (Assinged Capital) कायम नभए सम्म विदेशी बीमकले कुनै प्रकारको लाभांश घोषणा गर्न र वितरण गर्न पाउने छैन ।

## परिच्छेद ३
## संस्थापना तथा दर्ता सम्बन्धी व्यवस्था

९. संस्थापना गर्नुपूर्व सहमति लिनुपर्नेः (१) यो निर्देशिका बमोजिम बीमा व्यवसाय गर्ने उद्देश्यले कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम दर्ताको निमित्त सम्बन्धित निकायमा निवेदन दिनुपूर्व समितिबाट बीमा व्यवसाय गर्ने कम्पनी संस्थापना गर्ने सहमति प्राप्त गर्नुपर्नेछ ।

(२) बीमा व्यवसाय गर्ने उद्देश्य राखी कम्पनी संस्थापना गरी दर्ता गर्न प्रचलित कानून बमोजिम कम्पनी दर्ता गर्ने निकायमा निवेदन दिएमा त्यस्तो निकायले समितिबाट उपदफा (१) बमोजिम सहमति प्राप्त नगरी त्यस्तो कम्पनी दर्ता गर्न हुँदैन ।

(३) उपदफा (१) बमोजिम बीमक संस्थापना गर्न सहमति प्राप्त गर्नको लागि देहायका कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रस्तावित बीमकको प्रबन्धपत्र तथा नियमावली,

(ख) अनुसूची १ बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) अनुसूची २ को ढाँचामा सँस्थापकहरुको व्यक्तिगत विवरण,

(घ) बीमकको संस्थापना गर्नु अघि सँस्थापकहरु बीच कुनै सम्झौता भए त्यस्तो सम्झौताको प्रमाणित प्रतिलिपि र सो को सारांश,

(ङ) सँस्थापकहरु कालो सूचीमा नरहेको वा कालोसूचीबाट हटेको तीन वर्ष पूरा भएको पुष्टी गर्ने कागजात,

(च) सँस्थापकहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(छ) सँस्थापकहरुको वित्तीय स्वार्थ भएको कुनै संस्था भए त्यस्तो संस्थाको विवरण



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

खुल्ने कागजात,

(ज) प्रस्तावित बीमकको कर्मचारी सेवा शर्त तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली,

(झ) बीमाशुल्क निर्धारण गर्ने सम्बन्धमा अवलम्बन गरिने आधारहरु खुल्ने कागजात,

(ञ) बीमा जोखिमांकन, ग्राहक सेवा, बीमा दावी भुक्तानी र वजार प्रवर्द्धन सम्बन्धी छुट्टाछुट्टै दिग्दर्शन,

(ट) प्रस्तावित बीमकले कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थासँग कुनै प्रकारको सेवा लिन चाहेको भए सो सम्बन्धी सम्झौता वा सहमति पत्र,

(ठ) सँस्थापकले निवेदन दिनुभन्दा तत्काल अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको निस्सा,

(ड) सँस्थापक सङ्गठित संस्था भएमा सो संस्थाको देहायको थप कागजात तथा विवरणहरुः-

(१) प्रस्तावित बीमकको संस्थापना गर्ने सम्बन्धी सञ्चालक समितिको निर्णय,

(२) प्रबन्धपत्र र नियमावली,

(३) प्रस्तावित बीमकमा लगानी गर्न सक्षम रहेको पुष्टि हुने कागजात,

(४) प्रचलित कानून बमोजिम नियमन हुने व्यवसाय वा कारोबार सञ्चालन गर्ने संस्था भएमा नियमनकारी निकायबाट बीमा व्यवसायमा लगानी गर्न दिएको अनुमति पत्र ।

(५) सञ्चालकहरुको नामावली र निजहरुको वित्तीय स्वार्थ रहेको संस्थाको विवरण,

(ढ) कम्तीमा एक तिहाइ सँस्थापकले स्नातक तहको उपाधि प्राप्त गरेको प्रमाण,

(ण) समितिले आवश्यक ठानेका अन्य कागजात तथा विवरणहरु ।।

(४) कुनै विदेशी बीमकले प्रस्तावित बीमकमा संयुक्त लगानी गरी संस्थापना गर्न चाहेमा उपदफा (३) मा उल्लेखित कागजातका अतिरिक्त देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) सम्बन्धित मुलुकमा बीमा व्यवसाय गर्न पाएको इजाजतपत्र र त्यस्तो इजाजतपत्र नवीकरण गरेको निस्सा,

(ख) नेपालमा संयुक्त लगानीमा प्रस्तावित बीमकको संस्थापन गर्ने सञ्चालक समितिको निर्णय,

(ग) वित्तीय सक्षमता देखिने तीन आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(घ) विदेशी संस्थाको सञ्चालकको नामावली र शेयर स्वामित्वको अनुपात तथा



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

वित्तीय स्वार्थ रहेका संस्थाको विवरण,

(५) यस दफा बमोजिम परेको निवेदन जाँचबुझ गर्दा समितिले निवेदकसँग थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम परेको निवेदन जाँचबुझ गरी निवेदकलाई सहमति दिन मनासिब देखिएमा निवेदन परेको एकसय बीस दिनभित्र सहमति दिनुपर्नेछ । सहमति दिन मनासिब नदेखिएमा कारण उल्लेख गरी सो को जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(७) यस दफा बमोजिम संस्थापना गर्ने सहमति दिनुपूर्व समितिले जीवन बीमा व्यवसायको हकमा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

(८) समितिले यस दफा बमोजिम सहमति दिँदा आवश्यक शर्त तोक्न सक्नेछ ।

१०. विदेशी बीमकले शाखा कार्यालय दर्ता गर्न सहमति लिनुपर्नेः (१) विदेशी बीमकले नेपालमा बीमा व्यवसाय गर्ने गरी प्रचलित कम्पनी कानून बमोजिम शाखा कार्यालयको रुपमा दर्ता गर्नुपूर्व समितिबाट बीमा व्यवसाय गर्ने सहमति प्राप्त गर्नुपर्नेछ ।

(२) कुनै विदेशी बीमकले नेपालमा बीमा व्यवसाय गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम कम्पनीको शाखा कार्यालय दर्ता गर्ने निकायमा निवेदन दिएमा त्यस्तो निकायले समितिबाट उपदफा (१) बमोजिम सहमति प्राप्त नगरी त्यस्तो विदेशी बीमकको शाखा कार्यालय दर्ता गर्न हुँदैन ।

(३) विदेशी बीमकले उपदफा (१) बमोजिम सहमति प्राप्त गर्न देहायका विवरण तथा कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनुपर्नेछः-

(क) विदेशी बीमकको अधिकारपत्र, प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

(ख) विदेशी बीमकको रजिष्टर्ड कार्यालय र कारोवार गर्ने मुख्य स्थानको पुरा नाम ठेगाना, कम्पनी संस्थापना भएको मिति, त्यस्तो कम्पनीको चुक्ता पूँजी र मुख्य उद्देश्य सम्बन्धी विवरण,

(ग) बीमा व्यवसाय गर्न पाएको इजाजतपत्रको प्रमाणित प्रतिलिपि तथा त्यस्तो इजाजतपत्र नविकरण गरेको निस्सा,

(घ) सम्बन्धित मुलुकको नियमनकारी निकायबाट नेपालमा शाखा कार्यालय खोल्न स्वीकृति प्रदान गरेको निस्साको प्रमाणित प्रतिलिपि,

(ङ) अनुसूची-३ को ढाँचामा पाँच वर्षको व्यवसायिक प्रक्षेपण प्रतिवेदन,

(च) नेपालमा शाखा कार्यालय खोल्न आफ्नो सञ्चालक समितिबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(छ) तीन आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

(ज) बीमा व्यवसाय गर्न नेपालमा निवेश गर्ने ऐन बमोजिमको लगानी रकम तथा त्यस्तो लगानी गर्न प्राप्त गरेको अनुमति पत्र ।

(झ) तीन वर्ष देखि लगातार कम्तीमा बीबीबी (BBB) वा सो सरहको स्तरीकरणमा परेको प्रमाण,

**स्पष्टिकरण:** BBB भन्नाले स्तरीकरण प्रयोजनको अन्तर्राष्ट्रिय स्तरमा क्रेडिट रेटिङ गर्ने सस्थाहरुले स्तरीकरण गर्दा कम्तीमा BBB वा सो सरह स्तरीकृत भएको भन्ने अवस्था सम्झनुपर्छ ।

(ञ) विदेशी बीमकले आफुले दर्ता गर्ने शाखा कार्यालयलाई कुनै प्रकारको सेवा दिने भएमा सो सम्बन्धी प्राविधिक सेवा सम्झौता वा सहमती पत्र,

(ट) नेपालमा रहने अख्तियारवाला व्यक्तिको विवरण, र

(ठ) समितिले आवश्यक ठानेका अन्य विवरण ।

(४) उपदफा (३) बमोजिमका विवरण तथा कागजात अंग्रेजी भाषामा भए सोको आधिकारिक नेपाली अनुवाद तथा अंग्रेजी बाहेक अन्य भाषामा भए सोको आधिकारिक अंग्रेजी र नेपाली अनुवाद पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम परेको निवेदन जाँचबुझ गर्दा समितिले निवेदकसँग थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम परेको निवेदन जाँचबुझ गरी निवेदकलाई सहमति दिन मनासिव देखिएमा निवेदन परेको एकसय बीस दिनभित्र सहमति दिनुपर्नेछ । सहमति दिन मनासिव नदेखिएमा कारण उल्लेख गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(७) यस दफा बमोजिम शाखा कार्यालय स्थापना गर्ने सहमति दिनुपूर्व समितिले जीवन बीमा व्यवसायको हकमा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

(८) समितिले यस दफा बमोजिम सहमति दिँदा आवश्यक शर्त तोक्न सक्नेछ ।

११. सहमति दिन इन्कार गर्न सक्ने : देहायका कुनै अवस्थामा समितिले दफा ९ वा १० बमोजिम परेको निवेदनको सम्बन्धमा सहमति दिन इन्कार गर्न सक्नेछ :-

(क) प्रस्तावित बीमकको नाम पहिले नै दर्ता भई कायम रहेको कुनै बीमकको नामसँग मिल्ने भएमा,

(ख) जीवन बीमा र निर्जीवन बीमा दुवै किसिमको बीमा व्यवसाय गर्ने उद्देश्यले बीमकको संस्थापना गर्न निवेदन दिएको देखिएमा,

(ग) बीमा व्यवसायलाई स्वस्थ, प्रतिस्पर्धात्मक र प्रभावकारी बनाउने र बीमितको हितका दृष्टिले संस्थापना गर्न दिन वा शाखा कार्यालयको रुपमा दर्ता गर्न मनासिब नदेखिएमा,



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

(घ) प्रस्तावित बीमकको नाम वा त्यसले गर्ने बीमा व्यवसाय सार्वजनिक हित, सदाचार, शिष्टाचार, धर्म, जातजाति वा सम्प्रदाय आदिको दृष्टिकोणले अनुपयुक्त वा अवाञ्छनीय हुने देखिएमा,

(ङ) प्रस्तावित बीमकको उद्देश्य प्रचलित कानून विपरीत भएको देखिएमा,

(च) प्रबन्धपत्र र नियमावलीमा प्रस्तावित बीमकका सबै सँस्थापकहरुले आफ्नो नाम, ठेगाना समेत खुलाई कुनै एकजना साक्षीको रोहवरमा सहीछाप गरी सो साक्षीको नाम, ठेगाना समेत खुलाएको नभएमा,

(छ) संस्थापनाको निमित्त सहमति माग गरेकोमा प्रस्तावित बीमकको प्रत्येक सँस्थापकले कम्तीमा पाँचहजार कित्ता शेयर लिन मञ्जुर गरेको नदेखिएमा,

(ज) संस्थापनाको निमित्त सहमति माग गरेकोमा प्रस्तावित बीमकको प्रत्येक सँस्थापकले प्रबन्धपत्रमा सही गर्दा आफूले लिने शेयर सङ्ख्या स्पष्ट रुपमा नखुलाएको भएमा,

(झ) यस निर्देशिका बमोजिमका कागजात वा विवरण पेश नगरेमा,

(ञ) दफा ४ बमोजिमको चुक्ता पूँजी कायम गर्ने प्रस्ताव गरेको नदेखिएमा,

(ट) सँस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजीको पन्ध्र प्रतिशत वा सो भन्दा बढी शेयर एउटै व्यक्ति, परिवार, संस्था वा समूहको स्वामित्वमा रहने भएमा,

(ठ) एकै प्रकारको बीमा व्यवसाय गर्ने कुनै बीमकमा आफ्नो वा आफ्नो एकाघर परिवारको आधारभूत शेयर भएकोमा ।

(ड) प्रस्तावित बीमकका कुनै सँस्थापक बैकिंग कसूर, ठगी, जालसाजी, कीर्ते, सम्पत्ति शुद्धिकरण, भ्रष्टाचार, मानव बेचबिखन, अपहरण वा शरीर बन्धक वा नैतिक पतन देखिने अन्य कसूरमा अदालतबाट कसूरदार ठहरिइ सजाय भुक्तान गरेको पाँच वर्ष पूरा नभएको भएमा,

(ढ) प्रस्तावित बीमकको कुनै सँस्थापक वा निजको एकाघर परिवारका कुनै व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष पूरा भएको नभएमा,

(ण) प्रस्तावित बीमकले बीमा व्यवसाय बाहेक अन्य व्यवसाय गर्ने भएमा,

(त) दफा ९ को उपदफा (७) वा दफा १० को उपदफा (७) बमोजिम मन्त्रालयबाट स्वीकृति प्राप्त नभएमा ।

१२. <u>दर्ताको प्रमाणपत्र लिनु पर्ने</u> : (१) दफा ९ र १० बमोजिम सहमति लिई प्रचलित कानुन



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

बमोजिम कम्पनी संस्थापना भएमा वा विदेशी बीमकको शाखा कार्यालय दर्ता भएमा त्यस्तो प्रस्तावित बीमकले बीमा व्यवसाय सञ्चालन गर्न ऐनको दफा १० बमोजिम बीमकको दर्ता प्रमाणपत्र लिनु पर्नेछ ।

(२) प्रस्तावित बीमकले उपदफा (१) बमोजिम बीमा व्यवसाय गर्ने दर्ताको प्रमाणपत्र लिन तोकिएको दस्तुर तिरेको निस्सा संलग्न गरी ऐनको दफा १० को उपदफा (२) तथा नियमावलीको नियम ७ मा उल्लेखित कागजातका अतिरिक्त देहायका विवरण तथा कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रस्तावित बीमकको संस्थापना गर्न वा शाखा कार्यालय दर्ता गर्न समितिले दिएको सहमति,

(ख) प्रस्तावित बीमकको संस्थापना वा शाखा कार्यालय दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्रस्तावित बीमकको प्रबन्धपत्र र नियमावली,

(घ) प्रस्तावित बीमकको तर्फबाट मुख्य व्यवस्थापकको रुपमा कार्य गर्ने प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापकीय तहका पदाधिकारीको व्यक्तिगत विवरण,

(ङ) बीमा जोखिम धारण सम्बन्धी नीति,

(च) लगानी नीति,

(छ) प्रस्तावित बीमालेख ,

(ज) सँस्थापकले लिन कबुल गरेको शेयरको रकम वा विदेशी बीमकले निवेश गर्न कबुल गरेको रकम चुक्ता भई समितिले तोके बमोजिम बैङ्क खातामा जम्मा गरेको पुष्टी गर्ने निस्सा,

(झ) सङ्गठन संरचना सम्बन्धी विवरण,

(ञ) कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी विनियम,

(ट) आर्थिक प्रशासन सम्बन्धी विनियम, र

(ठ) समितिले आवश्यक देखेका अन्य कागजात तथा विवरण ।

(३) उपदफा (२) बमोजिम दिइएको निवेदनसाथ प्रस्तावित बीमकले देहायका शर्तहरु पालना गर्ने कबुलियतनामा समेत संलग्न गर्नु पर्नेछ :-

(क) समितिले समय समयमा तोके बमोजिमको चुक्ता पूँजी वा निर्धारित पूँजी कायम राख्ने,

(ख) बीमा व्यवसायको लागि आवश्यक पूर्वाधार तयार गर्ने तथा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार कायम राख्ने,

(ग) बिमितको हक हित संरक्षण हुने गरी नियमित रुपमा बीमा व्यवसाय सञ्चालन



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

गर्ने,

(घ) बीमा व्यवसाय सञ्चालन गर्नको लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्था गर्ने र त्यस्तो जनशक्ति निरन्तर रुपमा राख्ने,

(ङ) ऐन तथा सो अन्तर्गत बनेका प्रचलित कानून एवं बीमा व्यवसाय सम्बन्धमा समय समयमा समितिबाट दिएको निर्देशन बमोजिम बीमा व्यवसाय सञ्चालन गर्ने, र

(च) समितिले समय समयमा तोकेका अन्य शर्तहरु पालना गर्ने ।

१३. दर्ताको प्रमाणपत्र प्राप्त गर्न पुरा गर्नुपर्ने शर्तहरुः दफा १२ बमोजिम बीमक दर्ताको निवेदन दिने निवेदकले देहायका शर्त पुरा गरेमा समितिले त्यस्तो निवेदकलाई दफा १४ बमोजिम बीमक दर्ताको प्रमाणपत्र दिनेछः-

(क) यस निर्देशिका बमोजिमको चुक्ता पूँजी कायम गरी शेयर पूँजीको विभाजन गरेको,

(ख) प्रस्तावित बीमकको पूर्ब संचालन (Pre-operating) खर्च चुक्ता पूँजीको ०.५% भन्दा कम रहेको,

(ग) प्रस्तावित बीमकको सँस्थापकहरुको योग्यता अनुसूची- ४ बमोजिम भएको ।

(घ) प्रस्तावित बीमकको सञ्चालकहरुको योग्यता अनुसूची - ५ बमोजिम भएको ।

(ङ) प्रस्तावित बीमकको प्रमुख ब्यवस्थापकको अनुभव र योग्यता समितले तोके बमोजिम भएको,

(च) प्रस्तावित बीमकले बीमक दर्ताको लागि पेश गरेको निवेदन संलग्न सम्भाव्यता अध्ययन प्रतिवेदनबाट बीमा ब्यवसाय सञ्चालन हुन सक्ने पर्याप्त आधार देखिएको,

(छ) प्रस्तावित बीमकको जोखिमाङ्कन (Underwriting), पूनर्बीमा (Re - Insurance) तथा दाबी भुक्तानी (Claim Settlement) बिभाग हेर्ने समितिले तोके बमोजिमको योग्यता पुगेका कम्तिमा तीनजना बिभागिय प्रमुख भएको,

(ज) संस्थापकको एकाघर परिवार, सँस्था वा समूहको प्रस्तावित बीमकमा चुक्ता पूँजीको १५% वा सो भन्दा कम शेयर स्वामित्व भएको,

(झ) प्रस्तावित बीमकको सँस्थापक वा सञ्चालक निजको एकाघर परिवारको कुनै व्यक्ति सोही प्रकारको बीमा व्यवसाय गर्ने अन्य बीमकको सञ्चालक वा आधारभूत शेयरधनी नभएको र

(ञ) समितिको स्वीकृति लिएर मात्र प्रस्तावित बीमकको सँस्थापक परिवर्तन हुने व्यवस्था भएको ।



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

१४. <u>दर्ताको प्रमाणपत्र दिने</u> : (१) दफा १२ बमोजिम पेश भएको निवेदन जाँचबुज गर्दा निवेदकले ऐन, नियमावली तथा यस निर्देशिका बमोजिमका विवरण कागजात पेश गरी दफा १३ बमोजिमका शर्तहरु पूरा गरेको देखिएमा समितिले जीवन बीमा व्यवसायको हकमा ऐनको दफा १० को उपदफा (४) बमोजिम नेपाल सरकारको स्वीकृतिको निमित्त अर्थ मन्त्रालयमा पठाउने छ र निर्जीवन बीमा व्यवसायको हकमा समिति आफैले बीमक दर्ताको प्रमाणपत्र दिनेछ। स्वीकृति प्राप्त भएमा समितिले निवेदकलाई ऐनको दफा १० बमोजिम बीमकको प्रमाणपत्र दिनेछ।

(२) जीवन बीमा व्यवसायको हकमा उपदफा (१) बमोजिम नेपाल सरकारबाट स्वीकृति प्राप्त भएमा समितिले निवेदकलाई ऐनको दफा १० बमोजिम बीमकको प्रमाणपत्र दिनेछ।

१५. <u>दर्ताको प्रमाणपत्र दिन इन्कार गर्न सक्ने :</u> (१) देहायको कुनै अवस्थामा समितिले बीमकको दर्ता प्रमाणपत्र दिन इन्कार गर्न सक्नेछ :-

(क) ऐन, नियमावली, यो निर्देशिका र प्रचलित कानून बमोजिम पेश गर्नुपर्ने विवरण कागजात पेश नगरेमा वा पूरा गर्नुपर्ने शर्त पूरा नगरेमा,

(ख) निवेदकलाई बीमक दर्ताको प्रमाणपत्र दिँदा बीमा व्यवसाय स्वस्थ, प्रतिस्पर्धात्मक र प्रभावकारी नहुने भएमा वा बिमितको हित संरक्षण हुन सक्ने नदेखिएमा,

(ग) सँस्थापक, सञ्चालक वा पदाधिकारी रहेका व्यक्ति तथा निजको परिवार एवं निजको बित्तीय स्वार्थ भएका संगठित सस्थाहरु सोही किसिमको बीमा व्यवसाय गर्ने बीमकको आधारभूत शेयरधनी भएको देखिएमा,

(घ) सँस्थापक, सञ्चालक एवं पदाधिकारी बीमा व्यवसाय सञ्चालन गर्न सक्षम भएको नदेखिएमा,

(ङ) दफा ९ वा १० बमोजिम समितिले सहमति दिँदा तोकेका शर्त पूरा नगरेमा वा पेश गर्न निर्देशन दिएका विवरण कागजात पेश नगरेमा,

(च) ऐन बमोजिमका अन्य आवश्यक शर्त तथा पूर्वाधार पूरा भएको नदेखिएमा,

(छ) समितिबाट बीमक दर्ता रोक्का गरेको अवस्थामा बाहेक दफा ९ वा १० बमोजिम सहमति प्राप्त गरेको दुई वर्षभित्रमा बीमक दर्ताको लागि निवेदन नदिएको भएमा,

(ज) दफा १४ बमोजिम नेपाल सरकारबाट स्वीकृति प्राप्त नभएमा।

(२) उपदफा (१) बमोजिम बीमकको प्रमाणपत्र दिन इन्कार गरेकोमा समितिले सोको कारण सहितको जानकारी निवेदकलाई दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र दिन इन्कार गरेको अवस्थामा दफा ९ र १० बमोजिम परेको निवेदन स्वतः निस्कृय भएको मानिनेछ।

१६. <u>बीमकको दर्ता प्रमाणपत्र दिँदा शर्त तोक्न सक्ने</u> : (१) समितिले बीमक दर्ताको प्रमाणपत्र दिँदा



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत।

बीमा व्यवसायलाई स्वस्थ, प्रतिस्पर्धी र प्रभावकारी बनाउन एवं बीमितको हित संरक्षण गर्न बीमा व्यवसायको सञ्चालन तथा आवश्यक पूर्वाधारका विषयमा आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिमका शर्तको पालना गर्नु सम्बन्धित बीमकको कर्तव्य हुनेछ ।

१७. प्राविधिक वा व्यवस्थापकीय सेवा सम्झौता गर्न सक्ने: (१) विदेशी संयुक्त लगानीमा संस्थापना भएको बीमकले समितिको स्वीकृति लिई विदेशी लगानीकर्तासँग सम्झौता गरी प्राविधिक वा व्यवस्थापकीय सेवा प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सम्झौतामा देहायका बिषयहरु समावेश गनुपर्नेछः,

(क) बीमा व्यवसायमा उपलब्ध गराउने प्राविधिक सेवाहरु तथा सो सेवा प्रदान गरे वापत लिइने शुल्क,

(ख) कुनै विदेशी नागरिक प्रमुख कार्यकारी अधिकृत, प्राविधिक वा व्यवस्थापकीय पदमा रहने भएमा त्यस्ता ब्यक्तिहरुको योग्यता, सेवाका शर्त एवं पारिश्रमिक सम्बन्धी व्यवस्था ।

(ग) खण्ड (क) र (ख) बमोजिमका विषयहरुमा समितिले मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

परिच्छेद ४

## विदेशी बीमक सञ्चालन सम्बन्धी व्यवस्था

१८. बीमा व्यवसाय सम्बन्धी व्यवस्था: (१) विदेशी बीमकले दर्ता प्रमाणपत्रमा उल्लेख भएको बीमा व्यवसाय मात्र सञ्चालन गर्न सक्नेछ ।

(२) विदेशी बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको जोखिमको समितिले तोके बमोजिम पुनर्बीमा गर्नु पर्नेछ ।

(३) विदेशी बीमकले आफ्नो शाखा कार्यालयको रुपमा दर्ता प्रमाणपत्र प्राप्त बीमकको दायित्वको आफैले पुनर्बीमा गर्न पाउने छैन ।

(४) विदेशी बीमकको दर्ता नवीकरण, दर्ता खारेजी तथा बीमा व्यवसाय सम्बन्धी अन्य कुराहरु ऐन बमोजिम हुनेछ ।

१९. जगेडा कोष स्थापना गर्नुपर्ने: (१) विदेशी बीमकले बीमा व्यवसाय सम्बन्धी दायित्व वहन गर्न ऐन बमोजिम बीमा कोष र अनिवार्य जगेडा कोष कायम गर्नु पर्नेछ ।

(२) विदेशी बीमकले प्रत्येक वर्ष आफ्नो मुनाफाको बीस (२०) प्रतिशतले हुन आउने रकम पूँजीकोषमा राख्नुपर्नेछ ।



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

२०. सोल्भेन्सी मार्जिन (Solvency Margin) कायम गर्नुपर्ने: (१) जीवन बीमा व्यवसाय गर्ने विदेशी बीमकले समितिबाट तोकिए बमोजिम सोल्भेन्सी मार्जिन कायम गरी आफ्नो बीमा व्यवसाय सञ्चालन गर्नुपर्ने छ ।

२१. लाभांश घोषणा गर्न नपाइने : विदेशी बीमकले निर्धारित पूँजी, बीमा कोष, जगेडा कोष र सोल्भेन्सी मार्जिन कायम नगरेसम्म लाभांश घोषणा गर्न र वितरण गर्न पाउने छैन ।

२२. नियमन तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था: (१) विदेशी बीमकको सम्पूर्ण व्यवसायको नियमन र सुपरिवेक्षण ऐन बमोजिम हुनेछ ।

(२) बीमा व्यवसाय सम्वन्धमा समितिबाट समय समयमा जारी गरिएका निर्देशन, परिपत्र, मार्गदर्शन अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक विदेशी बीमकलाई समेत लागु हुनेछ ।

(३) ऐन, नियमावली, समितिले दिएका निर्देशन वा दर्ता प्रमाणपत्रका शर्तहरु कार्यान्वयन गर्न विदेशी बीमकको मुख्य कार्यालय वा नियमनकारी निकाय वा अन्य कुनै निकायको स्वीकृति आवश्यक पर्ने भएमा त्यस्तो स्वीकृति लिने दायित्व सम्बन्धित विदेशी बीमकको हुनेछ ।

२३. थप स्वीकृति लिनु पर्ने: (१) विदेशी बीमकले समितिबाट तोकिए बमोजिमको निर्धारित पूँजी, दायित्व भुक्तानीका लागि राख्नु पर्ने जगेडाकोष र स्वतन्त्र जगेडा कोष कायम गरी बाँकी हुने मुनाफा मध्येबाट प्रचलित कानून बमोजिम कर, शुल्क र अन्य कुनै दायित्व भए सो भुक्तानी गरी आफ्नो मुख्य कार्यालय भएको देशमा लैजान चाहेमा प्रचलित कानूनको अधिनमा रही समितिको स्वीकृति लिई लैजान पाउनेछ ।

(२) विदेशी बीमकले आफ्नो कारोवार बन्द गर्न वा कार्यालय बन्द गर्न समितिबाट स्वीकृति लिनु पर्नेछ ।

२४. बीमक दर्ता प्रमाणपत्र खारेज हुन सक्ने : देहायका अवस्थामा समितिले विदेशी बीमकको दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछ:-

(क) ऐन, नियमावली, समितिबाट दिइएका निर्देशन वा प्रचलित कानून पालना नगरेमा,

(ख) बीमकको स्वामित्व रहेको विदेशस्थित कम्पनी खारेज भएमा वा लिक्विडेशनमा परेमा ।

२५. सम्पत्ति एवं दायित्वको राफसाफ: विदेशी बीमक खारेज भएमा वा लिक्विडेशनमा गएमा त्यस्तो बीमकको सम्पत्ति तथा दायित्वको हिसाव किताबको राफसाफ र सम्पत्ति जफत देहाय बमोजिम हुनेछ:-



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

(क) विदेशी बीमकको दफा २४ बमोजिम दर्ता खारेज भएमा बीमा व्यवसाय सञ्चालन गर्दा नेपालभित्र र बाहिर सृजना भएका सम्पूर्ण दायित्वको भुक्तानी गर्ने जिम्मेवारी बीमकको स्वामित्व रहेको विदेशस्थित कम्पनीको हुनेछ ।

(ख) विदेशी बीमकको दर्ता खारेज भएपछि त्यस्तो बीमकको व्यहोर्नुपर्ने दायित्व सुनिश्चित गर्न आवश्यक देखिएमा समितिले त्यस्तो बीमकको सम्पत्ति रोक्का राख्न सक्नेछ । बीमकको सम्पूर्ण दायित्व भुक्तानी गरेपछि मात्र समितिले रोक्का राखेको सम्पत्ति फुकुवा गर्नेछ ।

२६. कार्यकारी प्रमुखको जिम्मेवारी, पारिश्रमिक र सुबिधा: (१) विदेशी बीमकको सम्पूर्ण प्रशासकीय एवं व्यवसायिक कामको प्रमुख जिम्मेवारी कार्यकारी प्रमुखको हुनेछ ।

(२) समितिबाट दफा २७ बमोजिम प्राविधिक सेवा सम्झौता स्वीकृत भएकोमा बीमकको कार्यकारी प्रमुख तथा कार्यरत अन्य विदेशी कर्मचारीको पारिश्रमिक तथा सुबिधा सोही सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

(३) दफा २७ बमोजिम प्राविधिक सेवा सम्झौता नभएकोमा कार्यकारी प्रमुख र अन्य विदेशी कर्मचारीले पाउने पारिश्रमिक तथा सुविधा अन्य बीमकका कार्यकारी प्रमुख तथा कर्मचारीले पाउने पारिश्रमिक तथा सुविधा सरह हुनेछ ।

२७. प्राविधिक वा व्यवस्थापकीय सेवा सम्झौता गर्न सक्ने: (१) विदेशी बीमकले समितिको स्वीकृति लिई बीमकको स्वामित्व रहेको विदेशस्थित कम्पनीसँग सम्झौता गरी प्राविधिक वा व्यवस्थापकीय सेवा प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सम्झौतामा देहायका बिषयहरु समावेश गनुपर्नेछः-

(क) बीमा व्यवसायमा उपलब्ध गराउने प्राविधिक सेवाहरु तथा सो सेवा प्रदान गरे वापत लिइने शुल्क,

(ख) कुनै विदेशी नागरिक प्रमुख कार्यकारी अधिकृत, प्राविधिक वा व्यवस्थापकीय पदमा रहने भएमा त्यस्ता व्यक्तिहरुको योग्यता, सेवाका शर्त एवं पारिश्रमिक सम्बन्धी ब्यवस्था ।

(ग) खण्ड (क) र (ख) बमोजिमका विषयहरुमा समितिले मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएतापनि यो निर्देशिका प्रारम्भ हुनु अघि व्यवसाय गरिरहेका विदेशी बीमकले आफ्नो शाखा कार्यालयमा बीमकको स्वामित्व रहेको विदेशस्थित कम्पनीबाट प्राविधिक तथा व्यवस्थापकीय सेवा प्राप्त गरिरहेको भए उपदफा (१) र (२) बमोजिम प्राविधिक सेवा सम्झौता गर्नुपर्नेछ ।



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

२८. संयुक्त लगानी गर्न सक्ने : (१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत बीमा व्यवसाय गरिरहेको विदेशी बीमकको स्वामित्व रहेको विदेशस्थित कम्पनीले समितिको स्वीकृति लिई संयुक्त लगानीमा बीमक कम्पनी संस्थापना गर्न र बीमकको रुपमा दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थापना भई बीमक दर्ता प्रमाणपत्र प्राप्त गरेपछि विदेशी बीमकको सम्पूर्ण सम्पत्ति, जायजेथा तथा दायित्व संयुक्त लगानी सम्झौता बमोजिम संयुक्त लगानी भएको बीमकमा सर्नेछ ।

२९. निस्कृय हुने: बीमक दर्ता तथा सञ्चालन सम्बन्धमा यस निर्देशिकामा लेखिएका कुराका सम्बन्धमा यो निर्देशिका लागू हुनुपूर्व समितिबाट भएका निर्णय तथा जारी भएका निर्देशनहरु यो निर्देशिकामा लेखिएको हदसम्म निस्कृयः भएका छन् । त्यस्ता निर्णय तथा निर्देशन बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

## अनुसूची-१
### (दफा ९ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)

### प्रस्तावित बीमकको संभाव्यता अध्ययन प्रतिवेदनमा समावेश गर्नुपर्ने बुँदाहरु

१. नेपालको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण (Macro Economic Analysis):

(क) नेपालको अर्थतन्त्रको अवस्था,

(ख) कुल गार्हस्थ उत्पादनको बिश्लेषण,

(ग) सरकारी वित्त स्थिति,

(घ) बैदेशिक व्यापारको स्थिति,

(ङ) नेपालको बीमा बजारको वर्तमान अवस्था,

(च ) नयाँ बीमक आउनु पर्नाको औचित्य ।

२. नेपालको बीमा व्यवस्था (Insurance System of Nepal):

(क) बीमा कम्पनीहरु,

(ख) बीमाको विकास (बृद्धी) दर,

(ग) बीमालेख र दावि भुक्तानीको अनुपात (राष्ट्रियस्तरमा र कारोवारको प्रस्तावित क्षेत्रमा),

(घ) बीमा शुल्कदर संरचना,

(ङ) जोखिम अनुपात बिश्लेषण (राष्ट्रियस्तरमा र कारोबारको प्रस्तावित क्षेत्रमा),

(च) सम्भावित वित्तीय उपकरण / Financial Innovation को आवश्यकता,

(छ) नाफा विश्लेषण (Profitability Analysis),

(ज) विद्यमान बीमा प्रणालीका कमजोरी तथा सुधारका आवश्यकता र बीमा कम्पनी खोल्नु पर्ने औचित्य ।

३. **नयाँ बीमा कम्पनीको व्यवसायिक योजना** : (कम्तीमा ५ बर्षको)

(क) पूँजी संरचनाको विवरण,

(ख) स्थीर सम्पतिको विवरण

(ग) व्यवस्थापन खर्च,

(घ) नयाँ बीमकले स्थायित्व पाउन सक्ने वा दीगो वृद्धि हासिल गर्ने आधारभूत रणनीति,

(ङ) नयाँ बीमालेख  सम्बन्धी योजना,

(च) पुनर्बीमा सम्बन्धी

(छ) बीमाको किसिम र बीमालेखको प्रकार

(ज) ब्यापार विस्तार नीति

(झ) शाखा विस्तार नीति ,

(ञ) संगठन तालिका, व्यवस्थापन शीप र व्यवस्थापन सूचना प्रणाली,

(ट) प्रविधि हस्तान्तरण,

(ठ) बीमा बजारको क्षेत्र,



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

(ड) लगानी नीति, योजना

(ढ) प्रतिफलको दर,

(ण) मानव संसाधन योजना

(त) बजार प्रवेश रणनीति (Market Penetration Strategy) ।

४. **व्यवसायिक प्रक्षेपण, आर्थिक औचित्य र बीमालेख विश्लेषण** :

(क) पूँजी संरचना,

(ख) स्थीर पूँजी खर्च विवरण,

(ग) कार्यालय संचालन खर्चको विवरण,

(घ) कर्मचारी खर्च विवरण,

(ङ) प्रारम्भिक खर्चको विवरण,

(च) बीमा व्यवसायको बजार हिस्सा,

(छ) व्याज आम्दानी र व्याज खर्चको विवरण, अन्य आय, कर्जा र जोखिम व्यवस्था,

(ज) कम्तीमा पाँच वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण,

(झ) बीमा कोष (Insurance Fund) को विवरण र

(ञ) प्रस्तावित बीमकको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति बारेको (SWOT) विश्लेषण ।

५. **संवेदनशीलता विश्लेषण** (Sensitivity Analysis)

(क) प्रस्तावित बीमकको बीमा कारोवारको बजार अंशमा १० प्रतिशतले कमी आएको अवस्था देखिने गरी तयार गरेको वित्तीय विश्लेषण ।

(ख) प्रस्तावित बीमकको बीमा कारोवारको बजार अंशमा १० प्रतिशतले बृद्धि भएको अवस्था देखिने गरी तयार गरेको वित्तीय विश्लेषण ।

(ग) प्रस्तावित बीमकले गरेको प्रक्षेपित लगानीको व्याजदरमा १ प्रतिशत विन्दुले कमी आउँदा देखिने नाफा नोक्सान स्थिति ।



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

## अनूसूची-२
### (दफा ९ को उपदफा (३) को खण्ड (ग) सँग सम्बन्धित)

### प्रस्तावित बीमकका सँस्थापकहरुको व्यक्तिगत विवरण

१. पूरा नाम थर :

२. जन्म मिति :

३. जन्म स्थान :

४. नागरिकता :

५. विदेशीको हकमा :

(क) संस्थाको नाम :

(ख) संस्था दर्ता मिति :

(ग) प्रतिनिधित्व गर्ने व्यक्ति :

नाम :

पद :

६. पुरा ठेगाना :

(क) स्थायी : (१) टेलिफोन (२) इमेल (३) फ्याक्स

(ख) अस्थायी : (१) टेलिफोन (२) इमेल (३) फ्याक्स

७. हालको पेशा :

(क) फर्म वा कार्यालयको नाम :

(ख) ठेगाना :

(ग) व्यवसायको प्रकृति/काम :

(घ) पदको नाम :

(ङ) टेलिफोन/ फ्याक्स/ईमेल :

८. बैवाहिक स्थिति :

(क) ☐ विवाहित/ ☐ अविवाहित/ सम्बन्ध विच्छेद भई ☐ अलग बसेको

(ख) विवाहितको हकमा पति/पत्नीको नाम :

(ग) पति/पत्नीको पेशा :

(घ) आश्रितहरुको विवरण

| पूरा नाम | नाता | उमेर | इच्छाइएको व्यक्ति/सँस्था | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| | | | | |

९. (क) बाबुको नाम :

ठेगाना :

पेशा :

(ख) बाजेको नाम :



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

ठेगाना :

१०. शैक्षिक योग्यता :

| तह | संस्थाको नाम ठेगाना | विषय | उपाधि लिएको मिति |
|---|---|---|---|
| स्नातक | | | |
| स्नातकोत्तर | | | |
| विद्यावारिधि | | | |
| व्यवसायिक स्तर | | | |
| तालिम सेमिनार | | | |
| क) | | | |
| ख) | | | |
| ग) | | | |

११. रोजगारी/अनुभवको अभिलेख (विगत ५ वर्षको बीमक वा कुनै पनि प्रकारको बीमा व्यवसाय वा नियमनकारी कार्य गर्ने संस्था भए सोको विस्तृत विवरण :

| संस्थाको नाम, ठेगाना | अवधि | पद | निकटतम सुपरिवेक्षकको नाम | काम छोड्नुको कारण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१२. तपाईसँग कुनै व्यवसायिक (Professional) विषयमा काम गर्ने ईजाजत छ ?

छ, छैन ?

यदि छ भने,-

(क) इजाजतको प्रकृति :

(ख) इजाजत लिएको मिति :

(ग) इजाजत नम्वर :

(घ) इजाजत दिने संस्था र ठेगाना :

१३. कुनै पनि किसिमको व्यवसाय वा फर्म/कम्पनी/संगठित संस्थामा संलग्न रहेको भए त्यस्तो व्यवसायको नाम, ठेगाना, संस्था भएमा दर्ता मिति, शेयर अंश र संस्थाको कामको प्रकृति तथा अन्य सबै सञ्चालक, शेयरधनी तथा त्यस्ता संस्थाहरुको सम्पत्ति तथा दायित्व आदिको विवरण । सँस्थापक संलग्न फर्म/कम्पनी/ संगठित संस्थाको पछिल्लो दुई आ.व.को लेखा परीक्षकबाट प्रमाणित वित्तीय विवरण । (विवरणहरु थप भएमा छुट्टै पानामा पेश गर्न सकिनेछ)

१४. तपाई कुनै व्यवसायिक क्षमताको आधारमा, बीमा समितिबाट निरीक्षण, अनुगमन गर्नुपर्ने संस्थामा काम गर्नुहुन्छ ?

(यदि छ भने, संस्थाको नाम, ठेगाना र कामको प्रकृति उल्लेख गर्नुहोस् । साथै, सम्वन्धित संस्थाबाट संस्थापन हुनका लागि स्वीकृति पत्र पेश गर्नुहोस् ) ।

१५. कुनै संगठित संस्थामा तपाईको कुनै वित्तीय स्वार्थ वा हित गाँसिएको छ भने खुलाउनु होस् ?

१६. मैले/हामीले प्रस्तावित बीमा कम्पनीमा रकम रु.........(अक्षरेपी.............................) लगानी गर्न लागेको छु /छौं । उक्त रकम सो बीमकको कुल चुक्ता पूँजीको प्रतिशत .......हुन्छ । मैले /हामीले कारोवार गर्ने कर



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

कार्यालय ............................ हो । साथै, लगानी गर्न लागेको रकमको आय स्रोतको विवरण निम्नानुसार प्रस्तुत गरेको छु/छौं ।

**लगानी रकमको आय श्रोत विवरण**

| क्रम संख्या | आय स्रोतको क्षेत्र | रकम | कैफियत |
|---|---|---|---|
| | | | |

**नोटः**

(१) माथि उल्लिखित विभिन्न स्रोतहरुबाट लगानी गर्न प्रस्ताव गरिएको रकमको लागि देहाय बमोजिमका आवश्यक प्रमाणहरु पेश गर्नु पर्नेछ ।

(क) उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन गरेको भए कुन कुन उद्योग, व्यापार, पेशा र व्यवसायवाट आर्जन भएको हो सो को विवरण स्पष्ट हुने कागजात र सो मा तिरेको कर सम्बन्धी कागजात ।

(ख) पैतृक वा पारिवारिक सम्पत्तिबाट शेयरमा लगानी गर्न प्रस्ताव गरिएको अवस्थामा सो सम्बन्धी अंशबण्डा लिखतको प्रतिलिपि वा अन्य कागजात । अंशवण्डा नभएको हकमा चल/अचल सम्पत्ति हस्तान्तरण भएको प्रमाण ।

(ग) घरजग्गा विक्रीबाट प्राप्त आयको हकमा रकम स्पष्ट हुने रजिष्ट्रेशन लिखतको प्रतिलिपि, लाभांशको हकमा त्यस्तो लाभांश प्राप्त गरेको कम्पनी, वर्ष, रकम आदि विस्तृत विवरण ।

(घ) घरबाहाल आयको हकमा सो सम्बन्धी सम्झौताको छविचित्र र कर चुक्ता गरेको प्रमाण सहितको आय विवरण, पारिश्रमिक आयको हकमा सम्बन्धित रोजगारदाताबाट प्रमाणित आयको विवरण ।

(ङ) कृषि आयको हकमा कहाँ र कुन स्थानको कति जमीन, स्वामित्व प्राप्त भएको मिति तथा कृषियोग्य आय आर्जन हो सो विवरण तथा सो व्यहोरा खुल्ने कागजात र लालपूर्जाको छविचित्र ।

(च) पेन्सन तथा अवकास रकमको हकमा सो वापत प्राप्त रकम प्रमाणित हुने पेन्सन पट्टा वा यस्तै अन्य आधिकारिक कागजात, रेमिटान्स बापत प्राप्त रकमको हकमा रेमिटान्स पठाउने र पाउने बीचको नाता, कहाँबाट के वापत यस्तो रेमिटान्स प्राप्त भएको हो सो खुल्ने कागजात । माथि उल्लिखित श्रोत वाहेक अन्य श्रोतवाट लगानी गर्ने भएमा त्यस्तो श्रोत प्रमाणित हुने  कागजात ।

(२) कुनै व्यक्ति वा निकायवाट प्राप्त रकमबाट लगानी गरिएको भए त्यस्तो रकम प्रदान गर्ने व्यक्तिको श्रोत र के वापत किन प्राप्त भएको हो सो समेतको विवरण ।

म/हामीले माथिको तालिकामा उल्लिखित विवरण बमोजिमको आम्दानी र सो आयमा प्रचलित कानून बमोजिम कुनै कर तिर्नु पर्ने अवस्थामा नेपाल सरकार तथा अन्य सम्बन्धित निकायलाई तिर्नु/बुझाउनु पर्ने कर/राजस्व रकम नियमानुसार चुक्ता गरेका छु/छौं । म/हामीले सम्पति शुद्धीकरण गरी गराई सोबाट आर्जन गरेको रकमबाट प्रस्तावित बीमकमा लगानी गर्न लागेको हैन । मैले/हामीले लगानी गर्न प्रस्ताव गरेको रकमको आयस्रोतको सम्बन्धमा कानून बमोजिम सम्बन्धित निकायबाट कुनै कानूनी कारवाही भएमा प्रचलित कानून बमोजिम सजायको भागीदार रहन मञ्जुर रहेको व्यहोरा समेत अवगत गराउँदछु/गराउदछौ । आयसंग सम्बन्धित सम्पूर्ण कागजातहरु पेश गरेको छु/छौ । पेश गरिएका विवरणहरु आधिकारिक निकायले माग गरेमा उपलव्ध गराउन समेत मंजुरी छ । साथै, कुनै आधिकारिक निकायबाट आय विवरण सम्बन्धी थप कागजात



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

माग भएमा सो को प्रमाणित कागजात समेत उपलब्ध गराउने छु/छौं । माथि लेखिएको सम्पूर्ण विवरण र व्यहोरा ठीक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१७. तपाई कुनै फौज्दारी अभियोगमा पर्नु भएको छ ?

छ वा छैन ? (छ भने विस्तृत विवरण खुलाउनु होस् )

१८. आयकर दर्ता/चुक्ता भएको/आर्थिक वर्ष ......... सम्मको प्रमाण संलग्न छ ।

१९. तपाँईले अन्य बीमकको सँस्थापक शेयरमा लगानी गर्नुभएको छ ?

छ वा छैन ? (छ भने विस्तृत विवरण खुलाउनु होस् ?)

२०. निम्न प्रश्नहरुको जवाफ दिनुहोस् :

(क) तपाईंको विरुद्धमा अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ ?

छ वा छैन?(छ भने विस्तृत विवरण खुलाउनु होस् ?)

(ख) तपाईले कानून उल्लंघन गरेको कारणबाट सजायँ पाउनु भएको छ ?

छ वा छैन?

(ग) तपाई संलग्न भएको कुनै संस्था टाट पल्टेको छ ?

छ वा छैन ?

(घ) तपाईंले काम गरेको वा सञ्चालक भएको वा तपाईंले १ (एक) प्रतिशत भन्दा बढी शेयर लगानी गरेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ, छैन ।

छ वा छैन?

(ङ) गैर कानूनी रुपमा विदेशी मुद्रा कारोवारमा संलग्न हुनु भएको छ ?

छ वा छैन ?

(च) तपाई संलग्न भएको संस्था कहिल्यै अपराधिक कृयाकलापमा संलग्न भएको छ ?

छ वा छैन ?

(छ) तपाईलाई बैंक तथा वित्तीय संस्थाको कर्जा कारोवारमा दुरुपयोग गरेको र सन्तोषजनक नभएको भनी बैंक तथा वित्तीय संस्थाबाट कुनै अभिलेख गरेको छ ?

छ वा छैन ?

(ज) तपाई कर्जा सूचना केन्द्रको कालोसूचीमा पर्नु भएको छ ?

छ वा छैन ?

यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पुरा भएको छ ?

छ वा छैन ?

(झ) तपाई अन्य बीमकको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक कानूनी वा अन्य सल्लाहकार हुनुहुन्छ ?

छ वा छैन ?

(ञ) तपाई धितोपत्र दलाल वा बजार निर्माता रहनु भएको छ ?



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

छ वा छैन ?

(ट) तपाई कुनै सार्वजनिक अपराध गरेको, कानून उल्लंघन गरेको वा प्रचलित कानून वमोजिम विघटनमा परेको कुनै संस्थामा कर्मचारी वा सल्लाहकारको रुपमा रहनु भएको छ ?

छ वा छैन ?

(ठ) तपाई प्रचलित कानून वमोजिम दामासाहिमा पर्नु भएको छ ?

छ वा छैन ?

(ड) तपाईले कुनै राजनैतिक पदमा निर्वाचित वा मनोनित प्रतिनिधिको रुपमा कामकाज गरिरहनु भएको छ ?

छ वा छैन ?

(ढ) तपाईलाई प्रचलित कानून वमोजिम कुनै पेशा वा व्यवसाय गर्न रोक लगाइएको छ ?

छ वा छैन ?

(ण) तपाईले लगानी गरेको अन्य फर्म/कम्पनी/संगठित संस्था बीमा समितिले निरीक्षण तथा सुपरिवेक्षण गर्न चाहेमा मन्जुर छ ?

छ वा छैन ?

(त) तपांईको कुनै नजिकको नातेदार बीमा समितिको सञ्चालक समिति सदस्य तथा समितिमा कर्मचारी रहेका छन् ?

छ वा छैन ? (छ भने विस्तृत विवरण खुलाउनु होस)

२१. यो प्रस्तावित बीमकको सँस्थापकको हैसियतले मैले/हामीले चुक्ता पूँजीको ..... प्रतिशत शेयर लिन मञ्जुर गरेको छु/छौ ।

२२. समय समयमा समितिले निर्धारण गरे अनुरुप मैले/हामीले प्रस्तावित बीमकको पूँजी कायम गर्ने प्रतिवद्धता जाहेर गर्दछु/ गर्दछौ ।

माथि उल्लेख गरिएको विवरण ठिक साँचो हुन् । यी कुनै पनि विषयमा जाँचबुझ/छानविन गर्न मेरो/हाम्रो मञ्जुरी छ । झुठो भएमा यसैका आधारमा प्रस्तावित बीमकको संस्थापना गर्ने सहमति नदिएमा मञ्जुरी छ ।

दस्तखत :

नाम :

मिति :

ठेगाना :

टेलिफोन :

**अनुसूची-३**



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

(दफा १० को उपदफा (३) को खण्ड (ङ) सँग सम्बन्धित)

**<u>विदेशी बीमकको शाखा कार्यालयको व्यवसायिक योजना</u>**

१. व्यवसायिक रणनीति

(क) व्यवसायको उद्देश्य, नीति तथा रणनीतिहरु

(ख) व्यवसायिक आधार र मुख्य सेवाहरु

(ग) लक्षित ग्राहक

(घ) बजार प्रतिस्पर्धा रणनीति ?

२. समग्र रणनीति

३. व्यवसायिक नीति

(क) बीमा व्यवसायको विस्तार

(ख) अन्य लगानी

(घ) लक्ष्य र विस्तार

(ङ) संभावित दायित्व व्यवस्था नीति

४. प्रतिस्पर्धात्मक विश्लेषण

(क) समग्र आर्थिक अवस्था र क्षेत्रगत विश्लेषण

(ख) सवल/दुर्वल, चुनौती/अवसर (SWOT) पक्षको विश्लेषण

५. बीमा योजना तर्जुमा गर्दा संभावित बजार विश्लेषण, बीमा योजनाको बीमा शुल्क निर्धारण तथा दायित्व सम्बन्धी व्यवस्था खुलेको बीमाङ्कीको प्रतिवेदन ।

६. प्रस्तावित शाखा कार्यालको विस्तृत विवरण

(क) शाखा कार्यालय रहने स्थान

(ख) प्रस्तावित निर्धारित पूँजी (Assinged Capital) को विवरण

(ग) विदेशी कर्मचारीहरुको संख्या



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

## अनुसूची-४
## (दफा १३ को खण्ड (ग) सँग सम्बन्धित)

### सँस्थापकको योग्यता

देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति मात्र बीमा कम्पनीको सँस्थापक हुन सक्नेछः-

१. संस्थापकहरुमध्ये एक तिहाई सँस्थापकहरु कम्तीमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको हुनुपर्नेछ ।

२. देहायको व्यक्ति सँस्थापक हुन योग्य हुने छैनः-

(क) २१ वर्ष उमेर पूरा नभएको,

(ख) मानसिक सन्तुलन ठीक नभएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(घ) बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(च) बैकिंग कसूर, ठगी, जालसाजी, कीर्ते, सम्पत्ति शुद्धिकरण, भ्रष्टाचार, मानव बेचबिखन, अपहरण वा शरीर बन्धक वा नैनिक पतन देखिने अन्य कसूरमा अदालतबाट सजाय भुक्तान गरेको पाँच वर्ष पूरा नभएको,

(छ) बीमा समितिले व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई निलम्वन वा विघटनमा परेको बीमकको हकमा त्यस्तो बीमकको सँस्थापक वा सञ्चालक भएको व्यक्ति भए त्यस्तो निलम्वन/विघटन परेको मितिले तीन वर्ष नपुगेको,

(ज) बैंक तथा बित्तीय सस्थाबाट लिएको कर्जा दुरुपयोग गरी असुलीको क्रममा अदालतमा मुद्दा चलिरहेको,

(झ) नेपाल धितोपत्र बजारको बजार निर्माता वा धितोपत्र दलाल रहेको ।

३. सँस्थापकहरुसँग बीमकमा गरेको लगानीको अनुपातमा बीमक कम्पनीलाई थप पूँजी लगानी आवश्यक पर्दा त्यस्तो थप पूँजी लगाउन सक्ने क्षमता हुनु पर्नेछ ।



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।

**अनुसूची-५**
**(दफा १३ को खण्ड (ग) सँग सम्बन्धित)**

**सञ्चालकको योग्यता**

१. देहायको व्यक्ति बीमा कम्पनीको सञ्चालक हुन सक्ने छैनः-

(क) स्नातक तहको उपाधी प्रप्त नगरेको,

(ख) २१ वर्ष उमेर पूरा नभएको,

(ग) मानसिक सन्तुलन ठीक नभएको,

(घ) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(ङ) बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(च) कुनै बीमकको सञ्चालक वा कर्मचारी वा लेखापरीक्षक वा सल्लाहकार,

(छ) सम्बन्धित बीमा कम्पनीसंग कुनै किसिमको ठेक्का पट्टामा संलग्नता रहेको,

(ज) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्न धितोपत्र बजारको सदस्यता प्राप्त गरेको,

(झ) बीमा कम्पनीको नियमावली बमोजिम सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर नलिएको,

(ञ) समिति वा बीमकको बहालवाला कर्मचारी,

तर नेपाल सरकारले शेयर खरिद गरेको बीमा कम्पनीमा नेपाल सरकारको तर्फबाट सञ्चालक मनोनीत भएकोमा वा कुनै बीमा कम्पनीले शेयर खरिद गरेको अर्को बीमा कम्पनीमा सो बीमा कम्पनीको तर्फबाट सञ्चालक मनोनीत भएकोमा यो व्यवस्था लागू हुने छैन ।

(ट) समितिको अध्यक्ष भई सकेको,

(ठ) समितिको कार्यकारी निर्देशक, निर्देशक पदमा बहाल रही सेवाबाट हटेको वा अवकास प्राप्त गरेको मितिले कम्तीमा दुई बर्ष पूरा नभएको,

(ड) प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(ढ) बैकिंग कसूर, ठगी, जालसाजी, कीर्ते, सम्पत्ति शुद्धिकरण, भ्रष्टाचार, मानव बेचबिखन, अपहरण वा शरीर बन्धक वा नैनिक पतन देखिने अन्य कसूरमा अदालतबाट कसूरदार ठहरेको,

(ण) ऐनको दफा ३६ को उपदफा (३) बमोजिम समितिले कारबाही गरेको मितिले पाँच वर्ष नपुगेको, वा

(त) समितिले व्यवस्थापन नियन्त्रणमा लिई निलम्बन वा विघटनमा परेको बीमकको सञ्चालक र प्रमुख कार्यकारी भएमा त्यस्तो कारवाही भएको मितिले पाँच वर्ष नपुगेको ।



* समितिको मिति २०७३।१२।१७ को निर्णय बमोजिम स्वीकृत ।